October 9th, 2024

Wednesday

National News

प्रमुख समाचार:

1. मानिसहरूमा रक्तअल्पता र पोषणको कमीलाई हटाउन सूक्ष्म पोषणयुक्त चामलको आपूर्तिलाई केन्द्र सरकारको स्वीकृति
2. प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा महाराष्ट्रमा सात हजार ६ सय करोड रुपैयाँभन्दा बढीको धेरै विकास परियोजनाहरूको शिलान्यास
3. नक्कली औषधि र भ्रामक विज्ञापनहरू प्रचार गर्नेहरूलाई कडा कारबाही गर्न राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको आह्वान
4. दुबईमा हुने आईसीसी महिला ट्वान्टी-२० क्रिकेट विश्वकपमा आज साँझ भारतले श्रीलंकाको सामना गर्दै

## 1. Cabinet Briefing

केन्द्र सरकारले मानिसहरूमा रक्तअल्पता र पोषणको कमीलाई हटाउन सूक्ष्म पोषणयुक्त चामलको आपूर्तिलाई स्वीकृत गरेको छ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीको अध्यक्षतामा आज बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो । केन्द्रीय सूचना र प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा पत्रकारहरूलाई यो जानकारी दिनुभयो । उहाँले यो समावेशी विकास र पोषण सुरक्षाको दिशामा चालिएको कदम भएको बताउनुभयो । यस योजनामा 17 हजार करोड भन्दा बढी रुपियाँ खर्च हुनेछ।

श्री वैष्णवले विकास भी हेरिटेज भी पहलको सन्दर्भमा भारतसँग समृद्ध समुद्री सम्पदा रहेको र यसलाई जोगाउन जरुरी बताउनुभयो। यसलाई ध्यानमा राख्दै, सरकारले गुजरातको लोथलमा राष्ट्रिय सामुद्रिक सम्पदा परिसर निर्माण गर्न स्वीकृति दिएको छ। श्री वैष्णवले भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशको सीमावर्ती क्षेत्रमा पूर्वाधार विकासमा जोड दिनुभएको छ। यही कुरालाई ध्यानमा राख्दै सरकारले राजस्थान र पञ्जाबको सीमा क्षेत्रमा २ हजार २ सय ८० किलोमिटर सडक निर्माण गर्न स्वीकृत गरेको छ । यसका लागि ४ हजार ४ सय करोडभन्दा

बढी रकम खर्च हुने उहाँले बताउनुभयो । यसले सीमावर्ती क्षेत्रबीचको सम्पर्क र पहुँचमा सहज हुने र ग्रामीण क्षेत्रमा रोजगारीको अवसर सिर्जना हुने उहाँले बताउनुभयो ।

## 2. PM Maharashtra Projects

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्स मार्फत महाराष्ट्रमा 7,600 करोड भन्दा बढीको विभिन्न विकास परियोजनाहरूको शिलान्यास गर्नुभएको छ। प्रधानमन्त्रीले नागपुरमा डा. बाबासाहेब अम्बेडकर अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतिको शिलान्यास गर्नुभयो। प्रधानमन्त्रीले सबैका लागि किफायती र पहुँचयोग्य स्वास्थ्य सेवा सुनिश्चित गर्न मुम्बई, नासिक, जालना, अमरावती, गडचिरोली, बुलढाना, वाशिम, भंडारा, हिंगोली र अम्बरनाथ (ठाणे) मा रहेका महाराष्ट्रका 10 सरकारी मेडिकल कलेजहरूको शुभारम्भ गर्नुभयो। प्रधानमन्त्रीले टाटा ट्रस्टसँगको सहकार्यमा विकसित हुने इन्डियन इन्स्टिच्युट अफ स्किल्स-आईआईएस मुम्बईको पनि उद्घाटन गर्नुभयो। यसका साथै प्रधानमन्त्रीले महाराष्ट्रको विद्या समीक्षा केन्द्रको पनि उद्घाटन गर्नुभयो।

## 3. PM - Laos

प्रधानमन्त्री श्री नरेन्द्र मोदी दुई दिने औपचारिक भ्रमणका लागि भोलिदेखि लाओसको भेन्टियान जानु हुनेछ। विदेश मन्त्रालयका अनुसार भ्रमणको क्रममा श्री मोदीले 21 औं आसियान-भारत शिखर सम्मेलन र भेन्टियानमा 19 औं पूर्वी एशिया शिखर सम्मेलनमा भाग लिनु हुनेछ।

## 4. Prez - Ayurveda

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले मुलुकभर परम्परागत औषधिको उपलब्धता बढाउन आयुर्वेद क्षेत्रमा उद्यम स्थापना गर्न युवाहरुलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभएको छ। अखिल भारतीय आयुर्वेद संस्थानको आज नयाँदिल्लीमा आठौं स्थापना दिवसको उद्घाटन समारोहमा बोल्दै राष्ट्रपति श्रीमती मुर्मुले भ्रामक विज्ञापन र नक्कली औषधिको प्रचार गरेर केही व्यक्तिले अरूलाई ठग्ने गरेको चर्चा गर्दै तिनीहरूलाई कडा कारवाही गर्न आह्वान गर्नुभयो। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आयुर्वेदिक कलेजमा भर्ना हुने विद्यार्थीको संख्या बढेको बताउनुभयो ।

5. PREZ – Visit

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु यही आइतबारदेखि अल्जेरिया, मोरिटानिया र मलावीको सात दिने राजकीय भ्रमणमा जानु हुनेछ। नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिँदै आर्थिक सम्बन्धसम्बन्धी सचिव श्री डम्मु रविले गत वर्ष भारतको अध्यक्षतामा अफ्रिकी युनियन जी–२० को प्रमुख सदस्य बनेको अवस्थामा यो भ्रमण हुन लागेको बताउनुभयो।

6. Haryana – Election Feat

हरियाणामा भारतीय जनता पार्टीको जितपछि त्यहाँ तेस्रो पटक सरकार गठनका लागि सक्रियता बढेको छ। हरियाणाका जनताले पहिलो पल्ट लगातार तेस्रो पटक एउटै पार्टीलाई सरकार गठन गर्ने मौका दिएको छ। भारतीय जनता पार्टीले ९० सिटमध्ये ४८ सिट प्राप्त गरेको छ।

7. RBI Interest Rate

भारतीय रिजर्व बैंकले लगातार दशौं पटक ब्याजदरमा कुनै परिवर्तन नगर्ने निर्णय गरेको छ। रिपो दर ६ दशमलव ५ प्रतिशतमा कायम गरिएको छ। रिजर्भ बैंकका गभर्नर श्री शक्तिकान्त दासले स्थायी निक्षेप सुविधा दर ६.२५ प्रतिशत र सीमान्त स्थायी सुविधा दर र बैंक दर ६.७५ प्रतिशतमा कायम गरिएको जानकारी दिनुभयो।

8. UNFPA - INDIA

संयुक्त राष्ट्र सङ्घीय जनसंख्या कोष-UNFPA ले मातृ स्वास्थ्य र परिवार नियोजनको विकासमा भारतको असाधारण प्रगतिको प्रशंसा गरेको छ। कोषका कार्यकारी निर्देशक डा नतालिया कानमले नयाँ दिल्लीमा आयोजित एक कार्यक्रममा मातृ स्वास्थ्य र परिवार नियोजनमा महिला स्वास्थ्य र कल्याणलाई अगाडि बढाउन भारतसँग साझेदारी गर्न कोषको अटल प्रतिबद्धतालाई जोड दिनुभयो।

## 9. Chemistry – Nobel Prize

यस वर्षको रसायनशास्त्रतर्फको नोबेल पुरस्कार वैज्ञानिक डेभिड बेकर, जोन जम्पर र डेमिस हसबिसलाई प्रदान गरिने भएको छ । प्रोटिनको संरचनाको भविष्यवाणी र डिजाइनमा उनीहरूको सफलताका लागि यो पुरस्कारका लागि छनोट गरिएको हो। रोयल स्वीडिश एकेडेमी अफ साइन्सेजले आज पुरस्कार घोषणा गरेको हो ।

## 10. BWF Badminton

ब्याडमिन्टन विश्व महासंघ 2024 मा पुरुष एकलअन्तर्गत भारतका लक्ष्य सेन आज प्रि-क्वार्टरफाइनलमा पुगेका छन्।

## 11. Asian Table Tennis

काजाकिस्तानको अस्तानामा भएको एसियाली टेबलटेनिस च्याम्पियनसिपमा भारतीय महिला टोलीले कांस्य पदक जितेर इतिहास रचेको छ। महिला टिम विधामा यो देशको पहिलो पदक हो । सेमिफाइनलमा भारत जापानसँग १–३ ले पराजित भएको थियो भने अर्को सेमिफाइनलमा चीन हङकङसँग ३–० ले पराजित भएको थियो । यस प्रतियोगितामा सेमिफाइनलमा हार्ने दुवैलाई कास्य पदक दिइन्छ। भारतीय पुरुष टोली काजाकिस्तानलाई ३–१ ले हराउँदै सेमिफाइनलमा प्रवेश गरेको छ ।

## 12. Women's Cricket

आईसीसी महिला टी–२० विश्वकपको समूह 'ए' अन्तर्गतको तेस्रो खेलमा आज साँझ भारतले श्रीलंकासँग खेल्दैछ । खेल भारतीय समय अनुसार साँझ साढे सात बजे सुरु हुनेछ । आज दिउँसो खेलिएको अर्को खेलमा दक्षिण अफ्रिकाले स्कटल्याण्डलाई अस्सी रनले पराजित गऱ्यो।

## 13. Men's Cricket

भारतीय पुरुष क्रिकेट टोलीले आज दिल्लीको अरुण जेटली अन्तर्राष्ट्रिय स्टेडियममा तीन खेलको शृंखलाको दोस्रो ट्वान्टी-२० अन्तर्राष्ट्रिय खेलमा बंगलादेशसँग खेल्दैछ। खेल अहिले साँझ ७ बजे सुरु भएको हो। सूर्य कुमार यादवको कप्तानीमा रहेको भारत यस सिरिजमा १–० ले अगाडि छ । श्रृंखलाको पहिलो खेलमा भारतले बंगलादेशलाई ७ विकेटले पराजित गर्दै सहज जित दर्ता गरेको थियो ।